FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

This Question Paper consists of 24 questions and 6 printed pages.

Roll No. | | | | | | | | | | | | | Code No. **55/AS/3**

Set **A**

# NEPALI

# ( नेपाली )

# (231)

Day and Date of Examination ____________________

Signature of Invigilators 1. ____________________

2. ____________________

**सामान्य अनुदेश :**

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।
2. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) तथा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस्।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन।
5. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।
6. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. **55/AS/3-A** लेख्नुहोस्।



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

# NEPALI

# ( नेपाली )

# (231)

समय : 3 घण्टा ] [ पूर्णाङ्क : 100

**निर्देश :**

1. सबै प्रश्नको उत्तर अनिवार्य छ र प्रत्येक प्रश्नको अङ्क छेउमा दिइएको छ।
2. सबै प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस्।
3. प्रश्न संख्या 1 देखि 6 सम्मका चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तरको उत्तर–पुस्तिकामा चिह्नित गर्नुहोस्।

---

तलका प्रश्नहरूका **चार** विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तर आफ्नो उत्तर–पुस्तिकामा लेख्नुहोस् : **1x6=6**

**1.** ''यसै रितले यौवन पनि बिति गयो मोहवशले'' पङ्क्तिमा 'मोहवश' को अर्थ हो :

(A) मालिक (B) लोभ (C) प्रतिज्ञा (D) मायाजाल

**2.** ''मित्रकों आँसु अर्जुनको वाण'' मा अलङ्कार छ

(A) भ्रांतिमान (B) रूपक (C) उपमा (D) अनुप्रास

**3.** 'एउटा चिट्ठी परेवालाई' कवितामा 'परेवा' प्रतीक हो

(A) विश्वका (B) युद्धका (C) शान्तिका (D) मानिसका

**4.** कवि लेखनाथ पौड्याललाई 'कवि शिरोमणि' उपाधि कहिले सम्मानित गरिएको हो ?

(A) विक्रम संवत् 2008 (B) विक्रम संवत् 2006
(C) विक्रम संवत् 2009 (D) विक्रम संवत् 2010

**5.** 'साहित्यिक होली' मा 'नूतन बोली' भन्नाले के बुझिन्छ ?

(A) नयाँ बोली (B) आधुनिक बोली
(C) मध्यकाल (D) नव्य काल



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

6. 'आमा' कवितामा कविले आमालाई के–को प्रतिरूपमानेका छन् ?

   (A) ईश्वरको (B) सूर्यको

   (C) अन्नदाताको (D) पालनहारको

तलका प्रश्नहरूको उत्तर सङ्क्षेपमा लेख्नुहोस् : 5

7. 'चियाबारीका शहीदहरू' कवितामा कसले हाम्रो छातीहरूमा संगीन रोपेका थिए ?

8. कवि माधव प्रसाद घिमिरेका कविता कस्ता हुन्छन् ?

9. 'भक्तमाला' कविताबाट के सन्देश पाइन्छ ?

10. लक्ष्मीप्रसाद देवकोटालाई किन 'आशुकवि' भनिन्छ ?

11. 'उत्तरतिर कंस करायो' का कवि के हुन् ?

12. निम्नलिखित कुनै **एक** गद्यांशको सप्रसंग व्याख्या गर्नुहोस् : 5

(क) भोक मात्र उम्रिने ठाउँमा
अलिकति न्याय उम्रिन सकोस्
तृष्णा मात्र जाग्ने ठाउँमा
अलिकति सभ्यता पलाउन सकोस
व्यस्तो भएको कति देख्यो के सुन्यौ मात्र भने पनि
मलाई त्यो समाचार सुनाऊ

(ख) कविका गुनगुन मानमा नित
ताल प्रकृतिले दिन्छ
नाच प्रकृतिकै त्यसमा हुन्छ
सुख उसले नै लिन्छ।

www.FirstRanker.com

13. निम्नलिखित कुनै **तीन** प्रश्नहरूको उत्तर 25 शब्दभित्र लेख्नुहोस् : 3x3=9

(क) 'गोरखाली जाति' कवितामा पाइने सन्देशको उल्लेख सङ्क्षेपमा गर्नुहोस्।

(ख) मन्दाक्रान्ता छन्दको लक्षण लेख्नुहोस्।

(ग) माधवप्रसाद घिमिरेको भाषा–शैली बारे उल्लेख गर्नुहोस्।

(घ) 'कवि र कविता' मा मानिसको भाग्यबारे कविले के–कस्तो विचार व्यक्त गरेका छन् ?



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

14. तलका प्रश्नहरूको **चार** विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तर आफनो उत्तर-पुस्तिकामा लेख्नुहोस् : 1x6=6

(i) 'सिपाही' शीर्षक कथा हो :
(A) मनोवैज्ञानिक (B) सांस्कृतिक
(C) ऐतिहासिक (D) सामाजिक

(ii) 'त्रिकोण' एकाङ्कीमा नाङ्गो चित्रण छ :
(A) परिवारको (B) समाजको
(C) देशको (D) जातिको

(iii) 'पद्मा' कथामा मोठ पात्र-पात्राहरूको सङ्ख्या :
(A) चार (B) छ (C) सात (D) आठ

(iv) मुहावरा र लोकोक्तिका प्रयोगले भाषा हुन्छ :
(A) अप्रभावी (B) प्रभावशाली (C) प्रदुषित (D) सामान्य

(v) 'मृगतृष्णा' कथामा केलाई सत्य भनेको ?
(A) भ्रम (B) आत्मा (C) जीवन (D) मरूभूमि

(vi) 'जीवन र साहित्य' पाठ अनुसार जीवन के-ले बनिएको छ ?
(A) अभावको प्रचुरताले (B) साहित्यको प्रचुरताले
(C) अनुभवको प्रचुरताले (D) जीवनको प्रचुरताले

15. तलका प्रश्नहरूको सङ्क्षेपमा उत्तर लेख्नुहोस् : 1x7=7

(i) 'अपुताली'भनेको के हो ?
(ii) "ओहो। हेर, कति दुब्ली चिन्नै नसकने हुनुभएछ।" यी कसले कसलाई भनेका हुन् ?
(iii) श्री तेञ्जिङ शेर्पाको जन्म कहाँ भएको थियो ?
(iv) तेस्रो आँखा भनेको के हो ?
(v) "बिर्सन देऊ किन हामीलाई कसैले सम्झोस् ?"-यी कसले कसलाई भनेको हो ?
(vi) इच्छाको जन्म कसको ज्ञान हुनाले हुन्छ ?
(vii) "यो सानो पहाड़ी राज्यलाई स्वर्गभूमि बनाऊँ" वाक्यमा 'सानो पहाड़ी' भन्नुको अर्थ स्पष्ट गर्नुहोस्।

www.FirstRanker.com

16. निम्नलिखित गद्यांशको सप्रसंग व्याख्या गर्नुहोस् : 5

जीवन बनिएको छ अनुभवको प्रचुरताले। तिनै अनुभवलाई वशीकरण गरी विकास गर्ने साहित्यको एउठा प्रशंसनीय प्रयास हो।

**अथवा**

तिनले वर्तमान र भूतकालको सिमानाको छेकन्लाई भ्वाङ्ङै भत्काएर भित्र पसे र अर्द्ध अन्धकारमा बसिरहेको भित्रको अस्पष्ट आकृतिलाई अहिले पनि सोधे।



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice


17. निम्नलिखित कुनै **चारवटा** प्रश्नको उत्तर लेख्नुहोस् : 3x4=12

(क) 'मृगतृष्णा' का पात्र–पात्राहरूको चित्रण गर्नुहोस्।

(ख) भाषालाई प्रभावशाली बनाउनका मुख्य बुँदाहरू उल्लेख गर्नुहोस्।

(ग) 'जीवन र साहित्य' लेखको कथ्य प्रस्तुत गर्नुहोस्।

(घ) सिपाही मानिस कस्तो किसिमको हुन्छ ?

(ङ) 'त्रिकोण' एकाङ्कीको सुखबीर का चारित्रिक विशेषताहरू लेख्नुहोस्।

(च) नेपाली भाषालाई किन प्रत्येक कार्यालयमा प्रयोग गर्न आवश्यक हो ?

18. निम्नलिखित प्रश्नको उत्तर लगभग 50-60 शब्दभित्र दिनुहोस् : 5

साहित्यकार खानुको निम्ति बाँच्नु होइन, तर जिउनको निम्ति खानु हो भन्ने कुरामा विश्वास गर्छन्–यस वाक्यको अर्थ स्पष्ट गरी जीवन दृष्टिको परिचय दिनुहोस्।

**अथवा**

'नासो' कथाको केन्द्रिय विषयवारे एउटा परिचय प्रदान गर्नुहोस्।

19. निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नोस् : 2+2+1=5

यस्तै धाम छाया बीचमा
बतासको बत्ती जस्तै
लक्पकाउँदै मधुर हुँदै उक्लँदै छटपटाउँदै
जीवन खर्च हुँदै जान्छ
अनि एक दिन सिद्धिन्छ।

(i) धाम छाया भनेर जीवनका कस्ता क्षणलाई सङ्केत गरिएको हो ?

(ii) कविले केलाई किन बतास र बत्तीसित तुलना गरेका हुन् ?

(iii) 'जीवन खर्च हुनु' भन्नाले के बुझिन्छ ?

20. निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : 1+2+2=5

भारतीय संस्कृति र हिन्दु धर्मको संरक्षण र सम्बर्ध्दन लागि नै आदि शङ्कराचार्य जन्मिएका थिए भन्ने विश्वास रहेको पाइन्छ। उनलाई भगवान स्वयम्ले धर्मको स्थापना गर्नका निम्ति पृथ्वीमा पठाएका थिए भन्ने हिन्दुहरूको विश्वास छ। शङ्कराचार्य दक्षिण भारतको केरला राज्यको कालडी भन्ने ठाउँमा सन् 788 मा जन्मिएका थिए। उनी ईश्वरका परमभक्त थिए। त्यसकारण सानै उमेरमा उनी सन्यासी भए र भारतका विभिन्न स्थानहरूमा हिन्दु धर्म प्रचार गर्दै हिँडे। 'अहं ब्रह्मास्मि' भन्ने उनको भनाइको अर्थ हो–म नै ब्रह्म हुँ अर्थात् भगवान एक छन्। मानिसले अहङ्कार त्याग गर्नुपर्छ र आफूलाई बुझ्नु पर्छ। शङ्कराचार्यले देशका विभिन्न स्थानहरूमा मठहरूको स्थापना गरेका थिए। शङ्कराचार्यलाई जगद्गुरू पनि भनिन्छ।

(i) शङ्कराचार्य किन जन्मिएका थिए ?

(ii) हिन्दुहरूको शङ्कराचार्य जन्म सम्बन्धी विश्वास उल्लेख गर्नुहोस्।

(iii) 'अहं ब्रह्मास्मि' को आशय स्पष्ट गर्नुहोस्।

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

21. निर्देशानुसार उत्तर दिनुहोस् : 1x10=10

(i) कुनै **एक** शब्दको समस्त पदलाई विग्रह गरी समासको नाम लेख्नुहोस् –
यमराज, नीलकमल

(ii) कुनै **दुइको** विपरीतार्थक शब्द लेख्नुहोस् – अनुराग, स्थूल, उत्थान

(iii) कुनै **एक** शब्दका दुइ पर्यायवाची लेख्नुहोस् – रुधिर, कर्ण।

(iv) अधि र अन उपसर्ग प्रयोग गरी **एक-एक** शब्द निर्माण गर्नुहोस्।

(v) कुनै **एक** शब्दको सन्धि-विच्छेद गर्नुहोस् – नीरस, तल्लीन

(vi) कुनै **एउटा** वाग्धारालाई अर्थ खुल्न गरी वाक्यमा प्रयोग गर्नुहोस्– गला घोट्नु, कान दिनु

(vii) अभिवादन र अभिनन्दनमाझ पार्थक्य गर्नुहोस्।

(viii) सार शब्द बताउनुहोस्–जसको कोही शत्रु छैन।

(ix) अकर्मक क्रियाको एउटा उदाहरण लेख्नुहोस्।

(x) उस्ताद कुन् भाषाको शब्द हो ?

22. निम्नलिखित कुनै **एकको** भाव विस्तार गर्नुहोस् : 5

(क) मानव सेवा नै माधव सेवा हो।

(ख) साहित्य समाजको दर्पण हो।

23. आफनो सहरको उचित सफाइका निम्ति नगरपालिका अध्यक्षलाई एउटा पत्र लेख्नुहोस्। 5

**अथवा**

आफनो साथीले हालैमा चुनाउ जितेर विधायक भएकोमा एउटा बधाई-पत्र लेख।

24. निम्नलिखित कुनै **एक** विषयमाथि निबन्ध लेख्नुहोस् : 10

(क) दाइजो प्रथाको दुष्परिणाम

(ख) हाम्रो देशको वर्तमान

(ग) मेरो जीवनको लक्ष्य

(घ) पर्यावरण संरक्षण

- o O o -

www.FirstRanker.com



www.FirstRanker.com